राजस्व गस्ती परिचालन सम्बन्धी निर्देशिका, २०७५

प्रस्तावना : राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न, राजस्व सम्बन्धी विद्यमान कानूनको कडाइका साथ कार्यान्वयन गरी राजस्व परिचालनमा सघाउ पुर्याउन र चोरी निकासी तथा पैठारीलाई नियन्त्रण गर्नको लागि राजस्व गस्तीलाई व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गर्न राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४०क. बमोजिम नेपाल सरकारले यो निर्देशिका बनाई लागू गरेको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस निर्देशिकाको नाम "राजस्व गस्ती परिचालन सम्बन्धी निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

क) "गस्ती परिचालन" भन्नाले राजस्व अनुसन्धान विभाग र मातहतका कार्यालयबाट सुरक्षाकर्मी सहित वा सुरक्षाकर्मी वाहेक विभाग वा कार्यालयबाट अनुगमन, निरीक्षण, बरामद तथा खानतलासी र चेकजाँचका लागि खटाइएको कर्मचारीको टोली सम्झनुपर्छ ।

ख) "आकस्मिक गस्ती" भन्नाले कुनै भरपर्दो सूचनाका आधारमा तत्काल आवश्यक कारवाहीका लागि परिचालन हुने टोली सम्झनुपर्छ ।

ग) "नियमित गस्ती" भन्नाले नियमित रुपमा विभिन्न चेकजाँच, अध्ययन र सूचना सङ्कलनका लागि खटिएको टोली सम्झनुपर्छ ।

घ) "द्रूत गस्ती" भन्नाले कुनै निश्चित समयावधिको लागि लोकमार्ग तथा भन्सार नाकाहरुमा वा अन्य राजस्व चुहावटका जोखिमयूक्त क्षेत्रहरूमा आवश्यकतानुसार परिचालन हुने टोली सम्झनुपर्छ ।

ङ) "सेवा सुविधा" भन्नाले विभाग वा कार्यालयले नियमित, आकस्मिक तथा द्रूत गस्तीमा खटिने टोली वा टोलीका सदस्यलाई दिइने सुविधा सम्झनुपर्छ ।

च) "ढुवानीका साधन" भन्नाले यात्रुवाहक सवारी साधनका साथै मालसामान ओसारपसार गर्ने काममा प्रयोग हुने लरी, ट्रक, मिनी ट्रक, कन्टेनर, बुलेट, टयांकर, पिकअप, भ्यान, ट्र्याक्टर जस्ता ढुवानीका साधन सम्झनुपर्छ ।

छ) "टोली" भन्नाले विभाग वा कार्यालयबाट खटिएको नियमित वा आकस्मिक वा द्रूत गस्ती टोली सम्झनुपर्छ ।

परिच्छेद-२

संरचनागत एवं कार्यगत व्यवस्था

३. **गस्ती परिचालनः** महानिर्देशकको निर्देशन र प्रत्यक्ष रेखदेखमा विभागबाट नियमित वा आकस्मिक वा द्रूत गस्ती परिचालन हुनेछ ।

४. **नियमित गस्ती परिचालनः** विभागमा प्राप्त सूचना तथा महानिर्देशकको निर्देशनबमोजिम लोकमार्ग, चोरी निकासी पैठारी हुने सम्भावित तथा जोखिम क्षेत्र वा बजार क्षेत्र तथा अन्य राजस्व चुहावट हुन सक्ने विशेष क्षेत्रमा विभागको निर्देशक/अधिकृत कर्मचारीको नेतृत्वमा गस्ती परिचालन हुनेछ ।

५. **आकस्मिक गस्ती परिचालनः** विभागमा प्राप्त सूचना एवं महानिर्देशकको आदेशानुसार चोरी निकासी पैठारी हुने संभावित तथा जोखिम क्षेत्र वा बजार क्षेत्र वा विशेष क्षेत्र वा कार्यालय वा राजमार्ग केन्द्रित गस्ती परिचालन हुनेछ ।

६. **द्रुत गस्ति परिचालन:** विभागको निर्णय बमोमिम चोरी निकासी पैठारी हुने संभावित तथा जोखिम क्षेत्रमा द्रुत गस्ती आवश्यकता अनुसार संचालन हुनेछ । द्रूत गस्तीमा आवश्कतानुसार कर्मचारी रहने छन ।

७. **गस्ती टोलीको काम, कर्तव्य र अधिकारः**

क. प्राप्त सूचना तथा तथ्याङ्क विश्लेषणका आधारमा लोकमार्ग (Highway) मा गस्ती गर्ने,

ख. विशेष बजार क्षेत्र, लोकमार्ग तथा अन्य सडक केन्द्रित गस्ती सञ्चालन गर्ने,

ग. नियमित भन्सार नाकाबाट जाँचपास भई ढुवानी भई आएका ढुवानीका साधनहरु प्रज्ञापन-पत्र तथा भन्सार घोषणा सम्बद्ध कागजातहरुको विश्लेषण गरी राजस्व जोखिम देखिएमा त्यस्ता ढुवानीका साधन परीक्षणका लागि विभाग वा सम्बन्धित राजस्व अनुसन्धान कार्यालयमा दाखिल गराउने,

घ. आन्तरिक ओसारपसारमा संलग्न रहेका ट्रान्सपोर्ट तथा अन्य मालबाहक ढुवानीका साधनहरु मुल्य अभिवृद्धि कर बिजक तथा अन्य कागजात परीक्षण गरी जोखिम युक्त देखिएका ढुवानीका साधनहरु थप छानविन एवं परीक्षणका लागि सो क्षेत्रको विभाग वा सम्बन्धित राजस्व अनुसन्धान कार्यालयमा दाखिल गर्ने,

ङ. काठमाडौं उपत्यकाबाट देशका अन्य स्थान तथा शहरहरुमा निकासी कार्गो ओसार-पसार गर्ने ढुवानीका साधनहरु समेत विशेष निगरानी गरी कैफियत देखिएमा थप छानविन एवं परीक्षणका लागि विभागमा दाखिल गर्ने,

च. भन्सार कार्यालयबाट जाँचपास भई आएका एवं आन्तरिक उत्पादन तथा बिक्री भएका उच्च महसुल दर भएका मालवस्तुहरु, उच्च मूल्य हुने विलासिताका मालवस्तुहरु, स्नानगार सामाग्रीहरु, हार्डवेयर, विजुली फिटिङ्ग धारा बाथरुम फिटिङ्गस, जनस्वास्थ्यलाई प्रतिकूल असर पार्ने अन्तःशुल्क लाग्ने मालवस्तुहरु पर्यावरण र सामाजीक सुरक्षा आदिलाई प्रभावित पार्ने, सरकारले नीतिगत नियन्त्रण मार्फत नियन्त्रण गरेका मालवस्तुहरु, परिमाणात्मक बन्देज रहेका मालवस्तुहरु ढुवानी भई आएका साधनहरु माथि निगरानी राखी परीक्षण गर्ने,

छ. पैठारी गरिएका वा स्वदेशी उत्पादनका मालसामानहरूको आन्तरिक ओसार पसारमा आन्तरिक राजस्व विभागबाट जारी गरिएको "व्यापारिक वस्तुहरूको आन्तरिक ओसारपसार सम्बन्धी नियमन निर्देशिका, २०६५" अनुरूप भए नभएको चेकजाँच गर्ने,

ज. अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको उत्पादनस्थल, भण्डारणस्थल, ओसार-पसार र बिक्रीको अनुगमन गर्ने,

झ. आयकर, अन्य कर महसुल तथा गैरकर राजस्व छलेको सूचनाको आधरमा खाता, अभिलेख एवं प्रमाण सङ्कलन गर्ने, चेकजाँच गर्ने, खानतलासी लिने र थप अनुसन्धानका लागि प्रारम्भिक प्रतिवेदन सहित विभागमा बुझाउने,

ञ. विदेशी विनिमय अपचलनसंग सम्बन्धित कसूर गरेको सूचनाको आधारमा प्रारम्भिक छानविन गर्ने,

ट. टोली पुगेको स्थानका सम्बन्धमा नियमित रूपमा विभागका महानिर्देशकलाई तत्कालै मौखिक जानकारी गराउने,

ठ. गस्तीका लागि आवश्यकतानुससार आवश्यक संख्यामा सशस्त्र प्रहरी बलको टोली साथमा लिई हिड्ने,

ड. कार्यस्थलमा थप सुरक्षाकर्मी आवश्यक पर्ने भएमा तत्काल खटिएको स्थानको सशस्त्र प्रहरी बलको कार्यालय वा नेपाल प्रहरीको नजिकको इकाईबाट थप मद्दत मागी परिचालन गर्ने,

ढ. टोली प्रमुखको निर्देशनमा रही मातहत कर्मचारीहरु एवं प्रहरीहरुले आफ्नो कार्यसम्पादन गर्ने,

ण. टोलीले आफूले गरेको कामको प्रतिवेदन विभाग समक्ष कार्यसम्पन्न गरेको ७ (सात) दिनभित्र पेश गर्ने,

त. कुनै समस्या परेमा तत्काल विभागमा सम्पर्क राखी प्राप्त निर्देशानुसार गर्ने,

थ. यो निर्देशिकामा उल्लेख भएको आचार संहिताको पूर्ण पालना गर्नु टोलीमा खटिएका कर्मचारी तथा प्रहरीहरुको कर्तव्य हुनेछ ।

८. द्रूत गस्ती परिचालन सम्बन्धी थप कार्यविधि: (१) द्रुत गस्ती परिचालन तथा संचालन सम्बन्धी अन्य व्यवस्था निम्नानुसार हुनेछ ।

क. विभागले आवश्यकतानुसार द्रुत गस्ती परिचालन गरी सोको जानकारी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा गराउनेछ ।

ख. कार्य सम्पादनका आधारमा टोलीका सदस्यहरूको फेरबदल विभागले गर्न सक्नेछ ।

ग. टोलीको कार्य सम्पादनका लागि नपुग कर्मचारीहरू आवश्यकतानुसार विभाग वा सम्बन्धित राजस्व अनुसन्धान कार्यालयहरूसँग वा अन्य सरकारी निकायसँग समन्वय गरी लिन सकिनेछ ।

घ. टोलीले अनुसन्धान गरेको विषय प्रारम्भिक प्रतिवेदन सहित विभागमा ३ (तीन) दिनभित्र बुझाउनुपर्नेछ ।

ङ. आन्तरिक ओसार पसारका सवारी साधनहरूको हकमा प्रारम्भिक जाँचबुझ गरी विभाग वा सम्बन्धित राजस्व अनुसन्धान कार्यालयमा तत्काल बुझाउनु पर्नेछ ।

च. टोलीबाट प्राप्त प्रतिवेदनको विस्तृत अनुसन्धान तथा तहकिकात गरी टुङ्गो लगाउने कार्य तोकिएका अनुसन्धान अधकृतको टोलीबाट हुनेछ ।

छ. सुरक्षासम्बन्धी थप सहयोगको हकमा नजिकको सशस्त्र प्रहरी गण/इकाई वा नेपाल प्रहरीबाट आवश्यक संख्यामा प्रहरी लिई कार्यसम्पादन गर्न सकिनेछ ।

ज. टोलीले सम्बन्धित राजस्व अनुसन्धान कार्यालयसँग आवश्यकतानुसार समन्वय गरी कार्य गर्नेछ र त्यस बखत उक्त कार्यालय सम्पर्क कार्यालयको रुपमा रहनेछ ।

(२) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण)ऐन, २०५२ को दफा ७क र दफा ९ को उपदफा १ र २ बमोजिमको अधिकार टोली प्रमुखलाई हुनेछ,

(३) यो निर्देशिकामा उल्लेख भएको आचार संहिताको पूर्ण पालना गर्नु टोलीमा खटिएका कर्मचारी तथा प्रहरीहरुको कर्तव्य हुनेछ ।

९. कार्यालयबाट गस्ती परिचालन : (१) महानिर्देशकबाट प्राप्त निर्देशन तथा कार्यालयको आफ्नो कार्ययोजना बमोजिम आफ्नो कार्यक्षेत्र अन्तर्गत दैनिक वा प्राप्त सूचनाका आधारमा राजमार्ग क्षेत्र, औद्योगिक क्षेत्र, बजार क्षेत्र, विशेष क्षेत्र तथा चोरी निकासी/पैठारी हुने संभावित

जोखिमयुक्त क्षेत्र र सीमा नाका तथा भन्सार केन्द्रित गरी नियमित वा आकस्मिक रुपमा गस्ती परिचालन हुनेछ ।

(२) कार्यालयबाट परिचालित हुने गस्तीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क. लोकमार्ग वा भन्सार केन्द्रित गस्ती गर्दा भन्सार कार्यालयहरुबाट जाँचपास भई आएका मालबाहक ढुवानीका साधनहरु छड्के परीक्षण वा सूचना एवं जोखिमका आधारमा नियन्त्रणमा लिने,

ख. सीमाक्षेत्र गस्ती गर्ने,

ग. आन्तरिक ओसार-पसार वा ढुवानी हुने मालबाहक ढुवानीका साधनहरुमा समेत विशेष निगरानी राखी गस्ती गर्ने,

घ. गस्ती परिचालनको अभिलेख छुट्टै रजिष्टरमा राख्ने ब्यवस्था मिलाई सो को पाक्षिक तथा मासिक प्रगति विवरण विभागको योजना तथा अनुगमन ताथ गस्ती परिचालन शाखालाई उपलब्ध गराउने,

ङ. पैठारी गरिएका वा स्वदेशी उत्पादनका मालसामानहरूको आन्तरिक ओसार पसारमा आन्तरिक राजस्व विभागबाट जारी गरिएको "व्यापारिक वस्तुहरूको आन्तरिक ओसारपसार सम्बन्धी नियमन निर्देशिका, २०६५" अनुरूप भए नभएको चेकजाँच गर्ने,

च. अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको उत्पादनस्थल, भण्डारणस्थल, ओसार-पसार र बिक्रीको अनुगमन गर्ने,

छ. आयकर, अन्य कर महसुल तथा गैरकर राजस्व छलेको सूचनाको आधरमा खाता, अभिलेख एवं प्रमाण सङ्कलन गर्ने, चेकजाँच गर्ने, खानतलासी लिने र तथा र थप अनुसन्धानका लागि प्रारम्भिक प्रतिवेदन सहित सम्बन्धित राजस्व अनुसन्धान कार्यालय मार्फत विभागमा पठाउने,

ज. विदेशी विनिमय अपचलनसँग सम्बन्धित कसूर गरेको सूचनाको आधारमा प्रारम्भिक छानविन गर्ने,

झ. सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित सूचना प्राप्त भएमा तत्कालै विभाग समक्ष पेश गर्ने,

ञ. टोली पुगेको स्थानका सम्बन्धमा प्रमुख अनुसन्धान अधिकृत वा विभागका उपमहानिर्देशक र महानिर्देशकलाई तत्कालै मौखिक जानकारी गराउने,

ट. टोली प्रमुखको निर्देशनमा रही मातहत कर्मचारीहरु एवं प्रहरीहरुले आफ्नो कार्यसम्पादन गर्ने,

ठ. टोलीले आफूले गरेको कामको प्रतिवेदन कार्यालय र विभाग समक्ष पेश गर्ने,

ड. कुनै समस्या परेमा तत्काल कार्यालय प्रमुख वा विभागमा सम्पर्क राखी प्राप्त निर्देशानुसार गर्ने,

ढ. गस्तीका लागि आवश्यकतानुससार आवश्यक संख्यामा सशस्त्र प्रहरी बलको टोली साथमा लिई हिड्ने,

ण. कार्यस्थलमा थप सुरक्षाकर्मी आवश्यक पर्ने भएमा तत्काल खटिएको स्थानको सशस्त्र प्रहरी बलको कार्यालय वा नेपाल प्रहरीको नजिकको इकाईबाट थप मद्दत मागी परिचालन गर्ने ।

परिच्छेद-३

कार्यसम्पादन सम्बन्धी व्यवस्था

१०. खानतलासी लिँदा अपनाउनु पर्ने कार्यविधि : खानतलासी लिँदा देहायबमोजिम गर्नुपर्नेछ ।

(१) खानतलासी लिनुपूर्व गर्नुपर्ने तयारीः

क. प्राप्त सूचनाको गहन अध्ययन गर्ने, आफू स्पष्ट र विश्वस्त हुने, मुख्य मुख्य बुँदाहरु टिपोट गर्ने,

ख. टोलीका सदस्यहरु बीच छलफल गरी कामको बाँडफाँड गर्ने,

ग. आवश्यक साधन र श्रोत (कागजात, सामग्री, यातायातका साधन आदि)को व्यवस्था गर्ने,

घ. संभाव्य जोखिमको आँकलन गरी सुरक्षाको आवश्यक प्रबन्ध मिलाउने,

ङ. टोली प्रमुख वा सूचना दिने व्यक्ति स्वयम् पनि प्रत्यक्ष सहभागी हुने हो वा कुनै स्थानबाट अप्रत्यक्ष सहयोग गर्ने हो एकिन गर्ने,

च. कारवाही प्रक्रियाको पर्याप्त कानुनी आधार छ वा छैन एकिन गर्ने,

छ. सम्बन्धित व्यक्ति/फर्मलाई दिने आदेश/सूचनापत्र तयार गर्ने,

ज. आवश्यक मुचल्काहरुको नमूना, सीलछाप, कर्मचारी परिचय पत्र आदि तयारी अवस्थामा राख्ने,

झ. आवश्यकता अनुसार राजस्व अनुसन्धान द्रुत गस्ती टीलीद्वारा चेकजाँच हुँदैछ भन्ने साइनबोर्ड वा राजस्व अनुसन्धान विभागद्वारा तोकिएको एप्रोन ड्रेस प्रयोग गर्ने ।

(२) खानतलासीको क्रममा ध्यान पुर्‍याउनु पर्ने मुख्य मुख्य कामहरू :

क. खानतलासी लिनु भन्दा पहिला खानतलासी लिन जाने स्थान सही हो वा होइन एकिन गर्ने,

ख. सम्बन्धित व्यक्ति/फर्मलाई आफ्नो परिचय र सूचना/आदेश पत्र दिने,

ग. कारोवारस्थलमा सीलछाप गर्नुपर्ने भए सोको मुचुल्का तयार गरी सीलछाप लगाउने र थप अनुसन्धानको लागि शिलछाप सुरक्षित राखी सम्बन्धित राजस्व अनुसन्धान कार्यालयमा उपस्थित हुन पत्र दिने,

घ. कानून बमोजिम राख्नुपर्ने खाताबहीहरु सो अनुसार छन् वा छैनन् एकिन गर्ने,

ङ. खातावहीहरुमा नियमित रूपमा कारोवार प्रविष्टि भए नभएको चेकजाँच गर्ने,

च. कम्प्युटर रेकर्ड, बैंक सम्बन्धी रेकर्ड, भुक्तानी अभिलेख, खरिद बिक्री र लेखा सम्बन्धी भौचर, प्रज्ञापनपत्र, विजक एवम् खातावहीहरु, कर फिर्ताको अभिलेख, अन्य कार्यालयहरुमा पेश भएका मासिक तथा वार्षिक प्रतिवेदनहरु, इजाजतपत्र/अनुमति पत्र/दर्ता प्रमाण पत्र लगायत मौज्दातमा रहेको सामानको विवरण चेकजाँच गर्ने ।

छ. अनुसन्धानसँग सम्वन्धित कागज प्रमाणहरू वरामदी मुचुल्का बनाई कब्जामा लिने ।

ज. कब्जामा लिएको भर्पाई दिने ।

परिच्छेद-४

विविध

११. सुरक्षाकर्मीको परिचालन तथा कर्तव्य : गस्तीमा खटिने सुरक्षाकर्मीको काम, कर्तव्य देहायबमोजिम हुनेछ ।

क. टोलीमा खटिएका प्रहरीहरु टोली प्रमुखको निर्देशनमा कार्यमा खटिने र कार्य सम्पन्न नभएसम्म टोलीप्रमुख प्रति पूर्ण रूपमा उत्तरदायी रहेर कार्य गर्ने,

ख. खानतलासी लिँदा, सिलबन्दी गर्दा, कारोवारस्थलमा छापा मार्दा, मालसामान, कागजात कब्जामा लिँदा वा गस्ती गर्ने क्रममा कर्मचारीलाई कसैले हुलहुज्जत वा जोरजुलुम गरेमा निजलाई त्यस्तो नगर्न सम्झाई बुझाई गर्ने र कहीकतै हुल हुज्जत, बाधा व्यवधान सिर्जना गरी कार्य सम्पादन गर्न अवरोध गरेमा संयमतापूर्वक स्थिति नियन्त्रण बाहिर जान नदिनेतर्फ सतर्क रहने,

ग. बल प्रयोग गर्नुपर्ने अवस्था आएमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा ३७ क को कार्यविधि अपनाई कार्य सम्पादन गर्ने र सो को विवरण

छिटो साधनद्वारा तत्काल महानिर्देशक र स्थानीय प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराउने ।

घ. द्रुत गस्तीका लागि खटिएका कर्मचारीले स्थानीय नेपाल प्रहरी वा सशस्त्र प्रहरीको सहयोग माग गरेमा त्यस्तो सहयोग गर्नु स्थानीय प्रहरीको कर्तव्य हुने,

ङ. सुरक्षाकर्मीहरुको परिचालन गर्दा यथासम्भव जुन इकाईबाट खटिएको हो सोही स्थानमा फिर्ता आउने । फिर्ता आउन सम्भव नभई रात बिताउनु पर्ने गरी खटिनु परेमा तत्काल खटिएको नजिकको प्रहरी इकाई/पोष्टमा बस्ने व्यवस्था मिलाउने ।

१२. **टोलीमा खटिने कर्मचारीहरुको आचार संहिता :** देहायबमोजिमको आचारसंहिता पालना गर्नु गस्तीमा खटिने कर्मचारीको कर्तव्य हुनेछ ।

क. टोलीमा खटिने कर्मचारीहरुले निष्पक्ष रुपले कार्यसम्पादन गर्नुपर्नेछ । आफ्नो जिम्मेवारी प्रति वफादार रही कसैको प्रलोभन एवं मोलाहिजामा पर्नु हुँदैन,

ख. टोलीमा खटिने कर्मचारीहरुले आफूलाई तोकिएको कार्य जिम्मेवारी इमान्दारीपूर्वक र पारदर्शी ढंगले सम्पादन गर्नुपर्छ,

ग. कानूनले दिएको अधिकारको प्रयोग गर्दा निष्पक्ष र तटस्थ रही प्रमाणको आधारमा मात्र गर्नुपर्छ,

घ. अनुसन्धानको क्रममा सम्बन्धित व्यक्ति पक्षलाई सम्मानजनक व्यवहार गर्नुपर्छ र कसैमाथि पनि अभद्र र अशोभनीय व्यवहार प्रदर्शन गर्नुहुँदैन,

ङ. उद्योगी, व्यवसायी वा व्यापारीको प्रतिनिधि वा एजेन्ट भै काम गर्नुहुँदैन,

च. आफ्नो ओहोदाको हैसियतले आफूले जाने बुझेको कुनै विवरण सूचना आफ्नो वा अन्य कसैको फाइदाको लागि वा कसैलाई नोक्सान पार्ने नियतले प्रकाश गर्नु हुँदैन,

छ. जुन व्यक्ति वा समूह वा फर्म वा कम्पनी वा निकाय वा कारखानाको अनुसन्धान गरिंदैछ त्यस तर्फबाट वा कोही कसैबाट कुनै किसिमको उपहार वा सुविधा लिनहुँदैन,

ज. सरकारको प्रतीक चिन्ह, छाप, पास, परिचय पत्र र यस्तै अन्य कुराहरु सुरक्षित राख्ने तथा हिफाजतसँग प्रयोग गर्ने गर्नुपर्छ,

झ. आफ्नो कर्तव्य पालन गर्दा ज्ञात हुन आएको कुनै कुरा वा दाखिला भएको कुनै लिखतको गोप्यता प्रचलित कानूनले निर्धारण गरेको अवस्थामा बाहेक अन्य अवस्थामा भङ्ग गर्नुहुँदैन,

ञ. पूर्व स्वीकृति वेगर अनुसन्धान कार्यसँग सम्बन्धित व्यक्तिबाट कुनै प्रकारको दान, कर्जा एवं सापटी लिनुहुँदैन,

ट. कामसँग सम्बन्धित व्यक्तिबट निजी स्वार्थ पूर्ति हुने काम कारवाही गर्न गराउन हुँदैन,

ठ. पक्षपातपूर्ण व्यवहार, अरु कसैको व्यक्तिगत स्वार्थ पूर्ति गर्न आफ्नो पद एवं अधिकारको दुरुपयोग गर्नुहुँदैन,

ड. प्रचलित ऐन/नियम र तीनमा आधारित आदेश र परिपत्रको पूर्णपालना गर्नुपर्छ,

ढ. प्रत्येक कर्मचारीले तोकिएबमोजिमको परिचयपत्र आफ्नो साथमा राख्ने र कर्तव्य पालनको सिलसिलामा कसैले त्यस्तो परिचयपत्र हेर्न माग गरेमा देखाउनुपर्छ,

ण. निरीक्षण, अनुसन्धान वा छानविनमा जाँदा सम्वन्धित अधिकृतको आदेशवाट मात्र जाने र यसरी गई फर्केपछि आदेश दिने अधिकारीसमक्ष लिखित प्रतिवेदन दिने गर्नुपर्छ,

त. छानविन, अनुसन्धान वा अन्य सरकारी कामको सिलसिलामा स्थलगत भ्रमणमा जाँदा कसैको सौजन्यतामा होटल, लज, सवारी साधन, खाना वा अन्य कुनै किसिमको सुविधाको प्रयोग वा उपयोग गर्नुहँदैन,

थ. अनुसन्धान तथा तहकिकातको सिलसिलामा कुनै मालवस्तु वा कागजपत्र कव्जा गर्नुपर्दा सो को निस्सा दिने र त्यस्तो मालवस्तु वा कागजपत्र सुरक्षित राख्ने गर्नुपर्छ,

द. नेपाल सरकारलाई हानी नोक्सानी हुने गरी कुनै काम जानीजानी वा बदनियतपूर्वक गर्नुहुँदैन,

ध. आफ्नो ओहोदाको हैसियतले आफूले जाने बुझेको कुनै विवरण आफ्नो वा अन्य कसैको फाइदाको लागि वा कसैलाई नोक्सान पार्ने नियतले व्याख्या तथा प्रशारण गर्नुहुँदैन,

न. विभाग र कार्यालयका कर्मचारीहरुका लागि जारी गरिएको आचार संहिता २०६६ को परिपालना गर्नुपर्छ ।

१३. चेकजाँच गर्दा ध्यान दिनुपर्ने विषयहरू : गस्ती टोलीले सवारी साधन वा गोदाममा चेकजाच गर्दा निम्न विषयहरु हेर्नुपर्छ ।

क. भन्सार कार्यालयबाट जारी भएको प्रज्ञापन पत्रको आधिकारिकता, मालवस्तुको घोषणा र भौतिक सामान बीचको भिडान हुन्छ हुँदैन,

ख. सामानको मुल्य अभिवृद्धि कर (VAT)को बिजकमा उल्लेखित विवरण र मालवस्तु बीचको स्वभाविकता छ छैन,

ग. अन्तःशुल्क लाग्ने मालवस्तु, स्टिकरको अवस्था विवरण र मालवस्तु भिडान गर्ने,

घ. प्यान (PAN) बिजकबाट मूल्य अभिवृध्दि कर लाग्ने के कति परिमाणमा ढुवानी भएको छ? अस्वभाविक छ छैन्?

ङ. आन्तरिक उत्पादन र स्टक ट्रान्सफर स्वभाविक छ छैन, स्टक ट्रान्सफर चलान आन्तरिक राजस्व कार्यालयमा बुझाएको छ छैन ।

च. ढुवानी गर्दाको समयमा जारी गरिएको घोषणापत्र, विल विजक र मालवस्तु भिडान हुन्छ हुँदैन ।

छ. ढुवानीको साधनको ब्लुबुक, प्रज्ञापन पत्रमा उल्लेख भएको सवारी साधन नं र बीलमा उल्लेख भएको सवारी साधन नं बीच भिडान गर्ने ।

१४. **गस्तीमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीको सुविधा :** गस्तीमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीलाई अनुसूची-१ बमोजिमको भ्रमण खर्च र अन्य सुविधा उपलब्ध गराइने छ ।

१५. **प्रचलित कानून बमोजिम हुने :** यस निर्देशिकामा उल्लेख भएको विषय यसै निर्देशिका बमोजिम हुनेछ । निर्देशिकामा उल्लेखित विषय राजस्व चुहावट ऐन नियमसँग बाझिएमा ऐन नियमको व्यवस्था लागू हुनेछ । यस निर्देशिकामा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१६. **संशोधन तथा हेरफेर :** नेपाल सरकारले निर्णय गरी आवश्यकतानुसार यस निर्देशिकामा भएका व्यवस्था संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

अनुसूची- १

गस्तीमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीको खर्चको मापदण्ड

क) नियमित तथा आकस्मिक गस्तीमा खटिने कर्मचारीको खर्चको मापदण्ड:

क्र.सं.	कर्मचारीको पद	दैनिक तथा भ्रमण भत्ता (रु.)	खाना \ खाजा (रु.)	होटल वास खर्च (रु.)
१.	रा.प. द्धितीय वा सो सरह	१६००	५००	७००
२.	रा.प. तृतीय वा सो सरह	१६००	५००	७००
३.	रा.प. अनं. वा सो सरह	१२००	५००	७००
४.	श्रेणीविहीन वा सो सरह	१०००	५००	७००

* काठमाडौं उपत्यकाभित्र गस्तीमा खटिने कर्मचारीलाई दैनिक तथा भ्रमण भत्ता वापतको रकम उपलब्ध गराइने छैन । तर दिनको ४ (चार) घण्टा भन्दा बढी फिल्डमा खटाइएमा खाना खर्च वापत रकम दिइनेछ ।
* उपत्यका वाहिर ३ (तीन) दिन भन्दा बढी खटाइएमा टोली प्रमुखलाई आर्थिक कार्य विधि नियमावली २०६४ नियम ३६(४) अनुरुप खर्च गर्ने गरी सूचना संकलन, सम्प्रेषण लगायतका भैपरी काममा हुने खर्चको लागि विविध खर्च बापत खटिएको अवधिको एकमुष्ट रु. दुई हजार रकम उपलब्ध हुने ।
* गस्तीमा परिचालन हुने सवारी साधनलाई किलोमिटरको लगबुक राखी आवश्यकताअनुसार ईन्धन उपलब्ध हुनेछ ।
* गस्तीमा खटिने कर्मचारीले कार्यालयको वाहेक सार्वजनिक सवारी साधन प्रयोग गरेमा नियमानुसारको भ्रमण खर्च भुक्तानी पाउनेछ ।

ख) द्रूत गस्तीमा खटिने कर्मचारीको खर्चको मापदण्ड:

क्र.सं.	कर्मचारीको पद	दैनिक तथा भ्रमण भत्ता (रु.)	खाना \ खाजा (रु.)	होटल वास खर्च (रु.)
१.	रा.प. द्धितीय वा सो सरह	१६००	५००	७००
२.	रा.प. तृतीय वा सो सरह	१६००	५००	७००
३.	रा.प. अनं. वा सो सरह	१२००	५००	७००
४.	श्रेणीविहीन वा सो सरह	१०००	५००	७००

* टोली प्रमुखलाई आर्थिक कार्य विधि नियमावली २०६४ नियम ३६(४) अनुरुप खर्च गर्ने गरी सूचना संकलन, सम्प्रेषण लगायतका भैपरी काममा हुने खर्चको लागि विविध खर्च बापत खटिएको अवधिको एकमुष्ट रु. ५०००|- (अक्षेरूपी पाँच हजार मात्र) रकम उपलब्ध हुने ।

* गस्तीमा परिचालन हुने कार्यालयको सवारी साधनलाई किलोमिटरको लग राखी आवश्यकताअनुसार ईन्धन उपलब्ध हुनेछ ।
* गस्तीमा खटिने कर्मचारीले कार्यालयको वाहेक सार्वजनिक सवारी साधन प्रयोग गरेमा नियमानुसारको भ्रमण खर्च भुक्तानी पाउने छ ।

ग) गस्तीमा खटिन र सामान ढुवानी गर्न आवश्यकतानुसार सवारी साधन तथा ढुवानी साधन (जफत भएका सामान ढुवानी गर्न परेमा) भाडामा लिन सक्ने र सोको बिल भरपाई पेश गरी विभागीय प्रमुखबाट स्वीकृत भएअनुसार विल भरपाई अनुसारको ढुवानी खर्च उपलब्ध हुनेछ ।

घ) समातिएका सामान ओसार पसार वा लोडअनलोड लगायतका विविध कार्यको लागि ज्याला वापत बील, भरपाई बमोजिमको रकम उपलब्ध हुने र सोको बिल भरपाई पेश गरी विभागीय प्रमुखबाट स्वीकृत गर्नुपर्नेछ ।

ङ) गस्तीमा खटिने कर्मचारीको प्रतिव्यक्ति रु.१० लाखको स्वास्थ्य तथा दुर्घटना बीमा गरी सोको प्रिमियम बापतको रकम भुक्तानी विभागले गर्ने छ ।